फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८२/१२/२७


**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## महिला लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/२७**

**प्रस्तावनाः** फलेवास नगरपालिका भित्र बसोबास गर्ने आर्थिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक, जातीय, भौगोलिक, शारीरिक, भाषिक, उमेरगत तथा धार्मिक विविधताका कारण राज्यका श्रोत तथा सेवामा पर्याप्त पहुँच पुग्न नसकेका व्यक्ति, समुदाय, वर्ग तथा समूहहरुको राज्यका श्रोत तथा सेवामा समानुपातिक पहुँच विस्तार गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्न सहयोग पुऱ्याउने उद्धेश्यले विभिन्न क्रियाकलापहरु तिनीहरुकै पूर्ण सहभागितामा कार्यान्वयन गर्न कानूनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि फलेवास नगर कार्यपालिकाको मिति २०८२ चैत्र २७ गतेको बैठकबाट "महिला लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" पारित गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**महिला लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले फलेवास नगरपालिकाको नगगप्रमुख सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले फलेवास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले फलेवास नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "कार्यपालिका सदस्य" भन्नाले फलेवास नगरपालिकाका कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले फलेवास नगरपालिका सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फलेवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ। सो शब्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृतसमेतलाई जनाउनेछ।

(छ) "महिला लक्षित वर्ग विकास कार्यक्रम" भन्नाले लक्षित वर्गको समग्र विकासको लागि यस कार्यविधिको दफा ४ मा उल्लेख गरिए बमोजिमका कार्यक्रमहरु सम्झनु पर्छ।

(ज) "एकल महिला" भन्नाले पतिको निधन भएका, सम्बन्ध विच्छेद भएका, श्रीमान् वेपत्ता भएका तथा एकल जीवनयापन गरिरहेका महिलालाई सम्झनु पर्छ।

(झ) "आमा समूह" भन्नाले स्थानीय तहमा बसोबास गर्ने महिलाहरुको संगठित समूहलाई जनाउँदछ। सो शब्दले सम्पूर्ण सदस्यहरु महिला रहने गरी संगठित भई कानुनी मान्यता प्राप्त गरेका आमा समूह, महिला समूह, किशोरी समूह, कृषि महिला समूह लगाएतका जुनसुकै समूहसमेतलाई जनाउनेछ ।

(ञ) "हिंसामा परेका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, सामाजिक, यौन वा आर्थिक हिंसा भोगेका व्यक्तिलाई सम्झनु पर्छ।

(ट) "बेसहारा वा संरक्षण विहिन व्यक्ति" भन्नाले कुनै साहारा नभएको, परिवार वा संरक्षकको अभाव भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(ठ) "लक्षित वर्ग" भन्नाले यस कार्यविधिबमोजिम सञ्चालन हुने कार्यक्रमका सम्भावित लाभग्राहीलाई सम्झनु पर्छ।

३. **उद्धेश्यः** (१) यस कार्यविधिको उद्धेश्य देहायबमोजिम रहेका छनः

(क) नगरपालिकाको स्रोतलाई लक्षित वर्गका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ख) लक्षित वर्गका लागि विनियोजन गरिने स्रोत तथा साधनलाई उद्धेश्यपूर्ण, पारदर्शी, उत्तरदायी तथा जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्‍याउने,

(ग) समावेशी विकासको अवधारणाबमोजिम लक्षित समूह तथा क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(घ) लक्षित वर्गका लागि वैज्ञानिक पद्धतिबाट कार्यक्रम तथा बजेट तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने,

(ङ) लक्षित वर्ग समुदायको बहुपक्षीय हित प्रवर्द्धन गर्ने,

(च) लक्षित समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक विकासका लागि कार्यक्रमहरुको व्यवस्थापन गर्ने,

(छ) लक्षित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जन तथा सामाजिक सुरक्षसम्बन्धी कार्यक्रम संचालन गर्ने।

४. **महिला लक्षित वर्ग विकास कार्यक्रमअन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुः** (१)महिला लक्षित वर्ग विकास कार्यक्रमअन्तर्गत देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछन:

(क) एकल महिला अधिकार समिति गठन तथा महिला अधिकार संरक्षण कार्यक्रम,

(ख) आमा समूहको आयआर्जन तथा सशक्तिकरण कार्यक्रम,

(ग) महिला उद्यमीहरुलाई उद्यम तथा सीपमा आधारित यन्त्र उपकरण वितरण कार्यक्रम,

(घ) हिंसामा परेका बेसहारा तथा संरक्षणविहिनका लागि सहयोग हस्तान्तरण कार्यक्रम ।

५. **महिला लक्षित वर्ग विकास कार्यक्रमको कार्यान्वयन प्रक्रियाः** (१) यस कार्यविधिबमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको कार्यान्वयन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनको अधिनमा रही सामाजिक विकास समितिको निर्णयबमोजिम गरिनेछ।

(२) लक्षित वर्गका लागि छुट्याइएको बजेटबाट कार्यक्रम संचालन गर्दा लक्षित वर्गका कुनै संघ, संस्था वा संगठनमार्फत सिधै अनुदान उपलब्ध गराउन पाइने छैन।

(३) क्षमता विकाससम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा विस्तृत प्रस्तावना स्वीकृत गराई सोहीबमोजिम गर्नुपर्नेछ।

(४) यस कार्यक्रममा छुटयाइएको रकम कार्यविधिमा तोकिएबमोजिम बाहेक सेवा, सहयोग वा अन्य कुनै नाममा सिधै वितरण गर्न पाइने छैन।

६. **एकल महिला अधिकार समिति गठन तथा महिला अधिकार संरक्षण कार्यक्रमः** (१) समिति गठन प्रकृयाः एकल महिला अधिकार समिति गठन गर्दा नगरपालिकाभित्रका एकल महिलाहरुको भेला आयोजना गरि सर्वसम्मत वा बहुमतका आधारमा समिति चयन गरिनेछ जसको संरचना देहाय बमोजिम हुनेछः

(क) अध्यक्ष १

(ख) उपाध्यक्ष १

(ग) सचिव १

(घ) कोषाध्यक्ष १

(ङ) सदस्यहरु ३ देखि ७ जनासम्म ।

(२) कार्यकालः समितिको कार्यकाल ४ वर्षको हुनेछ र आवश्यक परेमा पुनः चयन गर्न सकिनेछ।

(३) बैठकः समितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नेछ। आवश्यक परेमा आकस्मिक बैठक बोलाउन सकिनेछ र निर्णय बहुमतबाट गरिनेछ।

(४) काम कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) एकल महिलाको विवरण संकलन तथा अभिलेख राख्ने,

(ख) एकल महिलाका समस्या पहिचान गरि समाधानका लागि सम्बन्धित निकायमा पहल गर्ने,

(ग) तालिम, सीप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्ने,

(घ) हिंसा पीडितलाई सहयोग तथा सिफारिस गर्ने,

(ङ) सम्बन्धित निकायसंग समन्वय गर्ने।

(५) संरक्षण तथा सशक्तिकरण कार्यक्रमः यस कार्यविधि बमोजिम सञ्चालन गरिने एकल महिला अधिकार संरक्षण कार्यक्रम अन्तर्गत देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः

(क) सीपमूलक तालिम,

(ख) स्वरोजगार कार्यक्रम,

(ग) स्वास्थ्य तथा मनोसामाजिक परामर्श,

(घ) कानुनी सहायता,

(ङ) मागमा आधारित कार्यक्रम ।

(६) मागमा आधारित कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाले सूचना प्रकाशन गरि तोकिएको शर्त बमोजिम सञ्चालन गर्नुपर्नेछ।

(७) अनुगमन तथा निरीक्षणः एकल महिला अधिकार समितिको काम कारवाहीको बारेमा नगरपालिकाबाट नियमित अनुगमन गरिनेछ । समितिले आफ्नो काम कारवाहीको बार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष श्रावण मसान्त भित्र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा पेश गर्नुपर्नेछ।

७. **आमा समूहको आयआर्जन तथा सशक्तीकरण कार्यक्रमः** (१) यस अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः

(क) सीपमूलक तालिम,

(ख) कृषि तथा पशुपालन,

(ग) प्रविधि हस्तान्तरण ।

(२) कार्यक्रम सञ्चालन प्रकृयाः यस कार्यविधि बमोजिम सञ्चालन गरिने आमा समूह आयआर्जन तथा सशक्तीकरण कार्यक्रम देहायबमोजिम सञ्चालन गरिनेछः

(क) प्रस्ताव आवह्रान,

(ख) समूह छनौट,

(ग) सम्झौता,

(घ) तालिम तथा कार्यक्रम सञ्चालन,

(ङ) अनुगमन तथा मूल्यांकन ।

(३) प्रविधि हस्तान्तरण कार्यक्रम सामूहिक रुपमा सञ्चालन गर्नुपर्नेछ र लक्षित समूहले कम्तीमा १५% लागत साझेदारी गर्नुपर्नेछ।

८. **महिला उद्यमीहरुलाई उद्यम तथा सीपमा आधारित यन्त्र उपकरण वितरण कार्यक्रमः** (१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने महिला उद्यमीहरुलाई उद्यम तथा सीपमा आधारित यन्त्र उपकरण वितरण कार्यक्रममा लक्षित समूह छनौटको आधार देहायबमोजिम हुनेछः

(क) गरिब तथा विपन्न महिला,

(ख) सिप भए पनि उपकरण नभएका महिला,

(ग) एकल महिला तथा हिंसामा परेका महिला,

(घ) घरेलु उद्योग सञ्चालन गर्न इच्छुक महिला ।

(२) आवश्यक कागजातहरुः यस कार्यविधि बमोजिम सञ्चालन गरिने महिला उद्यमीहरुलाई उद्यम तथा सीपमा आधारित यन्त्र उपकरण वितरण कार्यक्रममा छनौट हुने लाभग्राहीले देहायबमोजिमका कागजात पेश गर्नुपर्नेछः

(क) तालिम प्रमाणपत्र,

(ख) न्युन आय भएको वडा सिफारिस,

(ग) व्यवसाय सञ्चालन प्रतिवद्धता,

(घ) नागरिकताको प्रतिलिपि,

(ङ) सूचनामा उल्लेख भएबमोजिमको लागत साझेदारी सम्झौता ।

(३) कार्यक्रम सञ्चालन प्रकृयाः यस कार्यविधि बमोजिम सञ्चालन गरिने महिला उद्यमीहरुलाई उद्यम तथा सीपमा आधारित यन्त्र उपकरण वितरण कार्यक्रम सञ्चालन प्रकृया देहायबमोजिम हुनेछः

(क) नगरपालिकाबाट सूचना प्रकाशन गर्ने,

(ख) निवेदन संकलन गर्ने,

(ग) आवश्यक कागजात जाँच गर्ने,

(घ) अनुगमन गर्ने,

(ङ) लाभग्राही छनौट गर्ने,

(च) सम्झौता गर्ने,

(छ) सम्बन्धित व्यक्तिलाई अनुदान उपलब्ध गराउने।

९. **हिंसामा परेका बेसहारा तथा संरक्षण विहिनका लागि सहयोग हस्तान्तरण कार्यक्रमः** (१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने हिंसामा परेका बेसाहारा तथा संरक्षण विहिनका लागि सहयोग हस्तान्तरण कार्यक्रमको सञ्चालन प्रकृया देहायबमोजिम हुनेछः

(क) लाभग्राही पहिचान,

(ख) आवश्यकताको मूल्यांकन,

(ग) सहयोग हस्तान्तरण ।

(२) आवश्यक कागजातः दफा ९ बमोजिम सञ्चालन गरिने कार्यक्रममा लागभाग्रीले अनिवार्य रुपमा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः

(क) निवेदन

(ख) नागरिकता/ पहिचान खुल्ने कागजात

(ग) वडा कार्यालयको सिफारिस

(घ) सम्बन्धित प्रमाण (हिंसामा परेको, बेशाहारा वा संरक्षकविहिन रहेको पुष्टि हुने प्रमाण)

(३) सहयोगको प्रकृति र सिमाः दफा ९ बमोजिम सञ्चालन गरिने कार्यक्रम अन्तर्गत सहयोग उपलब्ध गराउँदा लाभग्राहीको अवस्था र आवश्यकताका आधारमा वस्तुगत सहयोग उपलब्ध गराउन

सकिनेछ । यसरी वस्तुगत सहायता उपलब्ध गराउँदा सामाजिक विकास समितिको निर्णय बमोजिम हुनेछ।

१०. **प्रतिवेदन पेश गर्नु पर्नेः** यस कार्यविधि बमोजिम कार्यान्वयन गरिएका महिला लक्षित वर्ग विकास कार्यक्रमको प्रगति अनुसूची १ बमोजिमको ढाँचामा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले चौमासिक रुपमा तयार गरी अभिलेख राख्नु पर्नेछ।

११. **लेखा परीक्षण हुनेः** यस कार्यविधि बमोजिम खर्च गरिएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

१२. **संसोधन गर्न सक्नेः** यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

१३. **बाधा अड्काउ फुकाउ अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

१४. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रकृयाहरु अवलम्बन गर्दा प्रचलित कानुन बमोजिमका प्रकृयाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन।

१५. **अमान्य हुनेः** यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य भएको मानिने छ।

## अनुसूचीः१

## कार्यविधिको दफा १० सँग सम्बन्धित

## महिला लक्षित वर्ग विकास कार्यक्रम कार्यान्वयनको प्रगति ढाँचा

आर्थिक वर्षः ………………………………..

………………..देखि ……………………..सम्मको लक्षित वर्ग विकास कार्यक्रमको प्रगति विवरण

लक्षित वर्ग विकास कार्यक्रमको प्रकारः

| क्र.सं. | सञ्चालित क्रियाकलाप | कार्यान्वयन विधि | खर्च भएको रकम रु. | लाभान्वित जनसंख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | |
| | | | | | | | |

आज्ञाले,
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत